नगरसभाबाट स्वीकृत मितिः २०७९।११।२२

आज्ञाले

शेर बहादुर बुढा

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग १ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## लम्कीचुहा नगरपालिका बाट प्रकाशित


खण्डः६ संख्याः६ मितिः २०७९/११/०३

भल्का, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल


भाग १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम लम्कीचुहा नगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## लम्कीचुहा नगरपालिकाको नगर प्रहरी ऐन, २०७९

## लम्कीचुहा नगरपालिकाको नगर प्रहरी ऐन, २०७९

**प्रस्तावना :** नगरपालिका भित्र कानूनको शासन स्थापित गर्दै नागरिकहरुलाई न्याय, सुरक्षा तथा व्यवस्थाको प्रत्याभूति गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न, नगर क्षेत्रभित्रका प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्न तथा जुनसुकै बेला आउन सक्ने विपद् अन्य आकस्मिक घटनाहरुको तत्काल सम्बोधन र समन्वय गरी नागरिकको जीउधनको सुरक्षा गर्दै नगरभित्र सुव्यवस्था कायम गरी नगर वासीलाई स्थानीय सरकारको अनुभूति प्रदान गर्नको लागि नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५७ (४) तथा अनुसुची ८ मा भएको व्यवस्था र धारा २२६ बमोजिम लम्कीचुहा नगरपालिकाको नगर सभाबाट पारित गरी यो ऐन जारी गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"लम्कीचुहा नगरपालिकाको नगर प्रहरी ऐन, २०७९"** रहेको छ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) **"प्रमुख"** भन्नाले लम्कीचुहा नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ख) **"उप प्रमुख"** भन्नाले लम्कीचुहा नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

(ग) **"कार्यालय"** भन्नाले लम्कीचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(घ) **"जवान"** भन्नाले अधिकृत बाहेकका नगर प्रहरी जवान सम्झनु पर्छ ।

(ङ) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) **"नगर कार्यपालिका"** भन्नाले लम्कीचुहा नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(छ) **"नगर सभा"** भन्नाले लम्कीचुहा नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(ज) **"नगर प्रहरी कर्मचारी"** भन्नाले नगर प्रहरी अधिकृत र जवान समेतलाई सम्झनु पर्छ ।

(झ) **"नगर प्रहरी"** भन्नाले नगरपालिकाको नगर प्रहरी प्रमुख र अन्य नगर प्रहरी समेतलाई जनाउँदछ ।

(ञ) **"पदपूर्ति समिति"** भन्नाले दफा ९ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ ।

(ट) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

## परिच्छेद-२

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**नगर प्रहरीको व्यवस्थाः** (१) नगरपालिकामा नगर प्रहरी सेवा रहनेछ ।

(२) नगर प्रहरी सेवामा रहने नगर प्रहरी कर्मचारीहरुको तह, श्रेणी र संख्या नगर कार्यपालिकाको बैठकले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम नगर कार्यपालिकाले नगर प्रहरीको दरबन्दि सिर्जना गर्नु अघि सो पद सिर्जना गर्नका कारण, कार्यबोझ, कार्यप्रकृति, आवश्यकता र औचित्यका आधारमा मुल्याङ्कन गरी गर्नु पर्नेछ ।

(४) नगर प्रहरीको संगठन समावेशी स्वरुपको हुनेछ ।

(५) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण तयार गर्नेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य र अधिकार समेत उल्लेख गर्नु पर्नेछ ।

**नगर प्रहरीको सञ्चालन एवं परिचालनः** (१) नगर प्रहरी नगरपालिका प्रति उत्तरदायी हुनेछ ।

(२) नगर कार्यपालिकाले नगर प्रहरीको रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ ।

(३) नगर कार्यपालिकाको आदेश र निर्देशनको पालना गर्नु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुने छ ।

**नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः** (१) नगरपालिकाको काम कर्तव्य कार्यान्वयन गर्न र नगरपालिकाले तोकेको काम गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) का अतिरिक्त देहायका कामहरु गर्न नगर प्रहरीको कर्तव्य हुनेछ ।

(क) नगरपालिकाको सम्पत्ति र सम्पदाको संरक्षण गर्ने,





(ख) नगरपालिका बाट आयोजित सभा समारोह, परम्परा, जात्रा, चाडपर्व, आदि व्यवस्थापनमा सहयोग पुर्योउने ।

(ग) नगर बजार, सडक ,पार्किङ स्थल व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

(घ) नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने गराउने ।

(ङ) न्यायिक समितिले गरेका आदेश फैसला कार्यान्वयनमा सहयोग पुऱ्याउने ।

(च) स्थानीय तहको कार्यालय परिसर, सार्वजनिक, ऐलानी, पर्ती जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने ।

(छ) विपत व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

(ज) नगरपालिका भित्र नागरिक स्वतन्त्रता तथा मानव अधिकारको संरक्षण तथा सुशासन प्रवर्धनमा सहयोग पुऱ्याउने ।

(झ) सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथाम संग सम्बन्धित आवश्यक सूचना सकलन, विश्लषेण र मूल्याङ्कन गरी अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्ने ।

(ञ) नगरपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने गराउने ।

(३) नगर प्रहरीको ड्युटीको खटन पटन तथा अन्य जिम्मेवारीको बाँडफाँड कार्यालय प्रमुखले तोके बमोजिम नगर प्रहरी प्रमुखले गर्नेछ र सोको जानकारी कार्यालयलाई दिनेछ ।

(४) कार्यालयले तोकेको जुनसुकै समयमा पनि काम गर्न नगर प्रहरीको कर्तव्य हुनेछ ।

(५) नगर प्रहरी प्रमुखले नगर प्रहरीको हाजिरी, बिदा तथा ड्युटी रोस्टरको अभिलेख अद्यावधिक गरी राख्नेछ ।

(६) दैनिक रुपमा नगर प्रहरीबाट भए गरेको कार्य सम्पादनको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर प्रमुख समक्ष पेश गर्नेछ ।

## परिच्छेद - ३

## नगर प्रहरीको नियुक्ति र सेवा शर्तसम्बन्धी व्यवस्था

**६) स्थायी पद श्रृजना गर्न नपाइनेः-** (१) नगरपालिकामा रहने नगर प्रहरीको लागि स्थायी पद सिर्जना गर्न पाइने छैन ।

(२) नगरपालिकाको लागि आवश्यक नगर प्रहरी खुला प्रतिस्पर्धाको आधारमा सेवा करारमा पूर्ण वा आंशिक वा स्वमंसेवकको रुपमा पारिश्रमिक पाउने गरी भर्ना गरिनेछ ।

(३) उपदफा (२) बमोजिम नगर प्रहरीको पद सिर्जनाका लागि प्रस्ताव पेश गर्दा संख्या र पदमा रहने नगर प्रहरीका विभिन्न तहका दरबन्दीहरुको श्रृजना नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(४) नगर प्रहरीको देहायका पदहरुमा खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरी नगर कार्यपालिकाले तोके बमोजिमको पारिश्रमिक पाउने गरी सेवा करारमा नियुक्ति हुनेछन ।

क) नगर प्रहरी सहायक निरिक्षक

ख) नगर प्रहरी हवल्दार

ग) नगर प्रहरी जवान

**नियुक्ति गर्ने अधिकारीः-** पदपूर्ति समितिको सिफारिसमा नगरपालिको प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी नियुक्ति गर्नेछ ।

**पदपूर्तिः-** (१) सेवा करारबाट पदपूर्तिबाट पदपूर्ति गर्दा नगर प्रहरी सहायक निरिक्षक, नगर प्रहरी हल्दार र नगर प्रहरी जवान पदमा खुला प्रतियोगिताको आधारमा पदपूर्ति गरिनेछ ।

(२) खुल्ला प्रतियोगिताबाट पदपूर्ति हुने पदहरुमा तोकिए बमोजिम समावेशिताको आधारमा हुनेछ ।

(३) नगर प्रहरी सहायक निरिक्षक पदमा नेपाल प्रहरी सेवामा, सशस्त्र प्रहरी सेवामा र नेपाली सेनामा काम गरेको व्यक्तिबाट वा साधारण नगरिकबाट समेत पदपूर्ति गरिनेछ ।

(४) नगर प्रहरीको नियुक्तिका लागि आवश्यक पर्ने शारिरिक तन्दुरुस्ती, अन्तवार्ताको विधि, परीक्षाको पाठ्यक्रम तथा परीक्षा प्रणाली सम्बन्धी अन्य व्यवस्था पदपूर्ति सममितिले तोके बमोजिम हुनेछ ।

**नगर प्रहरीको न्यूनतम् योग्यता तथा अयोग्यताः-** (१) खुला प्रतियोगिताद्वारा नियुक्त हुने नगरप्रहरी सेवाको विभिन्न पदमा उम्मेदवार हुन चाहने न्यूनतम शैक्षिक योग्यता र अन्य योग्यता संघीय प्रहरी सेवाको समान पदको प्रहरी कर्मचारीको लागि निर्धारण भए सरह हुनेछ ।





(२) देहायको व्यक्ति नगर प्रहरी सेवामा नियुक्त हुन अयोग्य मानिनेछः

(क) गैर नेपाली नागरिक ।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएको ।

(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको ।

(घ) अदालतबाट मानव अधिकार हननमा कसूरदार ठहरिएको ।

(३) देहायको व्यक्ति नगर प्रहरी सेवामा नियुक्त हुन योग्य मानिनेछ :

(क) नेपाली नागरिक भएको

(ख) उमेरको हकमा १८ बर्ष पुरा गरी २४ बर्ष ननाघेको, तर भुतपूर्व नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको हकमा ४५ बर्ष ननाघेको

(ग) नगर प्रहरी सहायक निरीक्षक पदका लागि कम्तीमा प्रविणता वा सो सरह पास गरेको

(घ) नगर प्रहरी हल्दार पदका लागि कम्तीमा एस.एल.सी वा सो सरह पास गरेको

(ङ) प्रहरी जवानको हकमा कम्तीमा ८ कक्षा पास गरेको

(४) नगर प्रहरीको जुनसुकै पदमा ५५ वर्ष उमेर पुगेपछी अनिवार्य अवकाश गरिनेछ ।

**१०. मापदण्ड र कार्यविधि बमोजिम हुनेः-** (१) खुला प्रतियोगितात्मक परिक्षाद्वारा समावेशीसिद्धान्तका आधारमा पदपूर्ति गरिने कार्यबिधि, मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यबिधि तथा मापदण्ड निर्धारण गर्दा देहायको विषय स्पष्ट खुलाउनु पर्नेछ ।

(क) महिला तथा आर्थिक र सामाजिक रुपमा पछाडि परेका तोकिए बमोजिमका वर्ग, जाति तथा क्षेत्र मध्येबाट यस ऐन बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरु बीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिने ।

(ख) एक भन्दा बढी समावेशी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने सम्बन्धित उम्मेदवारले रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्नपाउने ।

ग) एक तह वा श्रेणीमा यस दफा बमोजिमको समावेशीको सुविधा लिईसके पश्चात माथिल्लो तह वा श्रेणीमा पुनः त्यस्तो सुबिधा नपाउनेकुरा ।

**११. पदपूर्ति समितिः-** (१) सेवा करारमा नगर प्रहरी कर्मचारी पदपूर्ति गर्नक लागि देहाय बमोजिमको पदपूर्ति समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी-संयोजक

(ख) नगर प्रमुखले तोकेको नेपाल प्रहरीको अधिकृत स्तरको प्रतिनिधी-सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख-सदस्य

(घ) प्रशासन शाखा प्रमुख-सदस्य-सचिव

(२) नगर प्रहरीको छनौट प्रक्रियामा आवश्यकता अनुसार अन्य व्यक्तिलाई विज्ञको रुपमा आमन्त्रित गर्न सकिनेछ ।

**पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः-** (१) नगर प्रहरी कर्मचारीको पदपूर्तिको सिलसिलामा पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) खुला प्रतियोगिताद्वारा पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) परीक्षाको किसिम तोक्ने ।

(ग) नियुक्तिका लागि सिफारिश गर्ने ।

(घ) पदपूर्ति सम्बन्धि अन्य आवश्यक कार्य गर्ने

**योग्यताक्रम सूची तयार गर्नेः-** (१) उम्मेदवारहरुले दिएको लिखित परीक्षा, शारीरिक तन्दुरुस्ती र अन्तवार्तामा प्राप्त गरेको अंक समेतको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस गर्दाकुल रिक्त पदको बढीमा पन्ध्र प्रतिशत सम्म योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवार राख्नुपर्नेछ । वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(४) नियुक्तिको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र नगरपालिकाले निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनु पर्नेछ ।

**जेष्ठताक्रम कायम गर्नेः-** (१) नगर प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

(२) वहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिश गरेको योग्यताक्रमलाई नै ज्येष्ठताक्रम मानिनेछ ।

**परीक्षणकालमा राखिनेः-** (१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई





छ महिनाको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरीले सन्तोष जनक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप ३ महिना परिक्षणकालमा राख्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकाश दिनसक्नेछ ।

१६. **नियुक्ति बदर हुने अवस्थाः-** (१) नियुक्ति गर्ने अधिकारीले देहायको अवस्थामा नगर प्रहरी कर्मचारीको नियुक्ति बदर गर्न सक्नेछ ।

(क) परीक्षणकालमा जिम्मेवारी बहन गर्न असक्षम देखिएमा वा आचरण सन्तोष जनक नभएमा ।

(ख) नगर प्रहरी कर्मचारीमा यस ऐन वा यस ऐन अन्तर्गतको नियमावली बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा ।

१७. **शपथ ग्रहणः-** (१) नगर प्रहरीले तोकिए बमोजिमको कार्यविधि र ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

१८. **पदाधिकार कायम रहनेः-** (१) देहायको अवस्थामा नगर प्रहरीको आफ्नो पदाधिकार कायमै रहनेछ ।

(क) सेवा करार बमोजिम आफ्नो पदमा कामकाज गरिरहंदा सम्म

(ख) विदामा बसेको अवधिभर

(ग) नगरपालिकाद्वारा तोकिएको काम गरुन्जेलको अवधिभर

१९. **बढुवा समितिः-** (१) बढुवाद्वारा पूर्ति गरिने नगर प्रहरीको रिक्त पदहरुमा पदपूर्ति समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयानुसार बढुवा गरिनेछ ।

२०. **वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्ने अवधिः-** (१) नगर प्रहरी कर्मचारीको बढुवाका निम्ती एकतह मुनिको पदमा कम्तिमा तीन वर्षको अवधि पुगेको हुनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नगरप्रहरी कर्मचारीको वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्न सक्ने छैन ।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर ।

(ख) वढुवा रोक्का गरिएकोमा सो अवधिभर ।

(ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म ।

(घ) हालको पदमा तीन पटक सम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत

पाएको मितिले एक वर्षसम्म ।

**वढुवा गर्दा कार्य क्षमताको मूल्याकंन गर्ने आधारः-** (१) नगर प्रहरी कर्मचारीलाई वढुवा गर्दा यस ऐन बमोजिम कार्य क्षमताको मूल्याकंन गरी सबै भन्दा वढी अंक प्राप्त गर्ने कर्मचारीलाई पहिले वढुवा गरिनेछ। तर, समान अंक प्राप्त गर्ने उम्मेदवारहरुको हकमा देहायको क्रमले निर्णय गरिनेछ।

(क) एकतह मुनिको पदमा सेवामा प्रवेश गर्दा निर्धारण भएको योग्यता क्रमको आधारमा।

(ख) खण्ड (क) बमोजिम निर्णय हुन नसकेमा त्यसभन्दा एक तह मुनिको पदमा गरेको नोकरी अवधिको आधारमा।

(ग) खण्ड (ख) वमोजिम निर्णय हुन नसकेमा आधारभूत तालिमबाट कायम गरिएको जेष्ठताक्रमको आधारमा।

(२) नगर प्रहरी कर्मचारीको कार्यक्षमताको मूल्याकंन गर्दा देहाय बमोजिम बढीमा सय अंक दिइनेछ।

(क) नोकरीको जेष्ठता वापत पचास अंक

(ख) कार्यसम्पादन मूल्याकंन चालिस अंक

(ग) तालिम वापत दश अंक

(३) सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याकंन वापतको अंक गणना गर्दा असार मसान्त सम्मको हिसाबले र अन्य अंकको गणना गर्दा बढुवाको लागि दरखास्त फाराम भर्नेअन्तिम मितिसम्म हासिल गरेको अंक गणना गरिनेछ।

(४) बढुवाद्धारा पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**ज्येष्ठता मुल्याङ्कनः-** (१) नगर प्रहरी कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क दिंदा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि दुई दशमलव पाँच अङ्कका दरले बढीमा पचास अङ्क दिइनेछ। तर

(क) एक वर्षभन्दा बढी चानचुन महिना वा दिनका लागि दामासाहीकों हिसाबले अङ्क दिइनेछ।

(ख) गयल कट्टी भएको अवधिको ज्येष्ठता बापतको अङ्क दिइने छैन।

**कार्य सम्पादन मूल्याङ्कन फारामः-** (१) नगर प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा निजको कार्य सम्पादन स्तर, सिर्जनशीलता र लगनशीलता, चुनौती वा विशेष जिम्मेवारी वहन गरेको स्तर, सेवाग्राही एवं सङ्गठन प्रतिको





व्यवहार, कार्य इकाइसंगको समन्वय समेतलाई आधारमानी तोकिए बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ।

(२) प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन आर्थिक वर्षको हिसाबले वार्षिक रुपमा गर्नु पर्नेछ।

(३) बढुवाको प्रयोजनको लागि कार्य सम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो, पछिल्लो त्यति नै वर्षको कार्य सम्पादन मूल्याङ्कनको फारामको औसत बाट हिसाब गरिनेछ।

(४) कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) यस ऐन बमोजिम नगर प्रहरी कर्मचारीको बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

२४. **तालिमः-** (१) नगर प्रहरी सेवाको पदमा रहंदा लिएको कुनै आधारभूत वा सेवाकालीन तालिम बापत देहाय बमोजिम बढीमा दश अङ्क दिइनेछ।

(क) "क" श्रेणी (१०) अङ्क

(ख) "ख" श्रेणी (७) अङ्क

(ग) "ग" श्रेणी (५) अङ्क

(२) उपदफा (१) मा जनुसकै कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारीलाई तालिम बापतको अङ्क दिंदा पन्ध्र कार्य दिन भन्दा कम अवधिको तालिमका लागि कुनै अङ्कदिइने छैन।

(३) श्रेणी नखुलेको तालिम बापत कुनै नगर प्रहरी कर्मचारीको अङ्क गणना गर्दा "ख" श्रेणी बराबरको अङ्क गणना गरिनेछ।

(४) हाल कार्यरत पदमा लिएको तालिम बापतको अङ्क एक तह माथिको पदमा मात्र बढुवाको लागि गणना गरिनेछ।

(५) कुनै नगर प्रहरी कर्मचारीले यो ऐन प्रारम्भ हुनुभन्दा अघि हासिल गरेको तालिमको हकमा समेत उपदफा (१) बमोजिमको श्रेणी बापतको अङ्क प्राप्त गरेको मानिनेछ।

(६) यस दफामा अन्यत्र जनुसुकै कुरा लेखिएको भए तापनि आधारभूत तालिम बापत अङ्क दिंदा जुन तहको पदमा छंदा आधारभूत तालिम लिएको हो सो पदबाट एक तह माथिको पदमा बढुवा हुन बाहेक अन्य पदमा बढुवाको लागि अङ्क

दिइने छैन ।

(७) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**बढुवा उपरको उजुरी:-** (१) यस ऐन बमोजिम पदपूर्ति समितिको बढुवा सिफारिसमा चित्त नबुझ्ने नगर प्रहरी कर्मचारीले बढुवाको सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र नगर कार्यपालिका समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजुरी सम्बन्धमा उजुरी गर्ने म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र नगरकार्यपालिकाले उजुरीको टुङ्गो लगाई सक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरी सुन्ने नगर कार्यपालिकाले सोको अभिलेख राखी सम्बन्धित बढुवा समितिलाई जानकारी गराउनेछ ।

(४) बढुवाको उजुरी सुन्ने नगरकार्यपालिकाले कुनै उम्मेदवारले यस ऐन बमोजिम प्राप्त गर्नु पर्ने अङ्क प्राप्त नगरेको वा प्राप्त नगर्ने अङ्क प्राप्त गरेको आधारमा बढुवा समितिको सिफारिस संशोधन गर्नुपर्ने देखेमा सो समेत गरी नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ ।

(५) कार्यक्षमताको मूल्यांकनका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) बढुवा उपरको उजुरी सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४
## आचरण सम्बन्धी व्यवस्था

**आचरण:** (१) नगर प्रहरीले देहाय बमोजिमको आचरण पालन गर्नु पर्नेछ ।

(क) प्रचलित कानून तथा नगरपालिकाको निर्णय, नीति नियमको पालन गर्नु पर्नेछ ।

(ख) प्रहरीले पालन गर्नुपर्ने समय तथा आज्ञापालन लगायत अन्य अनुशासन सम्बन्धी कुरा पालन गर्नु पर्नेछ ।

(ग) कामको सिलसिलामा सुपरीवेक्षक वा सम्बन्धित माथिल्लो अधिकृतले दिएको आदेशको पालन गर्नु पर्नेछ ।

(घ) नगरपालिकाका कर्मचारी, सेवाग्राही तथा नगरवासी प्रति सम्मान र आदर भाव राख्नु पर्नेछ ।

(ङ) स्वच्छ चरित्र एवं आचरण युक्त हुनु पर्नेछ ।

(च) ड्युटीमा खटिएको समयमा पान, गुट्खा, सूर्ति जन्य पदार्थ धुम्रपान वा





मद्यपान गर्नु हुँदैन ।

(छ) नगरपालिका वा कार्यालयको अहित हुने कुनै कार्य गर्नु गराउनु हुँदैन ।

(ज) राजनीति वा राजनैतिक गतिविधि, धर्ना, जुलुसमा सामेल हुनु हुँदैन ।

(झ) नियुक्ति भएको मितिले तीन महिना भित्र तोकिएको ढाँचामा नगरपालिका समक्ष सम्पत्ति विवरण दाखिला गर्नु पर्नेछ ।

(ञ) कार्यालयको पूर्व स्वीकृति नलिई कुनै किसिमको व्यापार व्यवसाय गर्नु हुदैन ।

(ट) कार्यालयको पूर्व स्वीकृति नलिई आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारी हुन आएको कुनै पनि सूचना अधिकार प्राप्त व्यक्ति वा संस्था बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुदैन । त्यसै गरी कार्यालयको अनुमति नलिई कुनै सञ्चार माध्यममा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रसारण प्रकाशन गर्न गराउन हुदैन ।

(ठ) नगरपालिकाको नीति विपरीत नगरपालिकाको प्रतिष्ठामा आंच आउने गरी विचार व्यक्त गर्न वा सम्वाद, लेख रचना प्रकाशन गर्नु हुदैन ।

(ड) कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुँदैन । तर, कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

(ढ) कुनै पनि राजनीतिक दल र सो संग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुदैन ।

(ण) ठीक समयमा तथा नियमित रुपले कार्यालयमा हाजिर हुनु पर्नेछ र स्वीकृत गराएर मात्र विदामा बस्नु पर्दछ ।

(त) नगर प्रहरीको माथिल्लो दर्जाको अधिकारीको अधिनमा रहि कार्य सम्पादन गर्नुपर्नेछ ।

(थ) कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभावमा पर्न वा पार्न हुदैन ।

(द) प्रचलित नेपाल कानूनको प्रतिकूल हुने गरी बालविवाह, वहुविवाह, अनमेल विवाह जस्ता विवाह गर्नु गराउनु हुँदैन ।

(ध) नगर प्रहरी लैगिंक संवेदनशील हुनुपर्नेछ ।

(न) आफुभन्दा माथिल्लो वा तल्लो तहका कर्मचारी उपर हातपात वा कुनै प्रकार

को आक्रमण वा जोर जुलुम गर्न वा गराउन हुदैन ।

(प) आफूलाई तोकिएको जिम्मेवारी र कर्तव्य निष्पक्षता एवं निर्भीकता पूर्वक निर्वाह गर्नु पर्दछ ।

## परिच्छेद - ५
## सजाय र पुनरावेदन

०. **सजायः-** (१) उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ ।

(क) नसिहत दिने वा प्रतिकूल राय लेख्ने ।

(ख) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

(ग) तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

(घ) तल्लो तहमा घटुवा गर्ने ।

(ङ) लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

८. **नसिहत दिने वा प्रतिकूल राय लेख्नेः-** (१) नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सकिनेछ । दुईपटक सम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्वन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

९. **तलब वृद्धि वा पदोन्नति रोक्नेः-** (१) नगर प्रहरी कर्मचारीको काम सन्तोष जनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

०. **दर्जा र तलब घटाउनेः-** (१) कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ।

ख) अनुशासनहीनता गरेमा ।

ग) आचरण सम्वन्धी विनियम उल्लंघन गरेमा ।

घ) नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा ।

ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।





च) मनासिक कारण नभई वा विदा नलिई विदा बसेमा वा गैर हाजिर भएमा ।

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

३१. **नोकरीबाट हटाउने वा बर्खास्त गर्नेः-** (१) देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगरप्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा ।

(ख) राजनीतिमा भाग लिएमा ।

(ग) वरावर अनुशासनहीनताको काम गरेमा ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषी प्रमाणित भएमा ।

(ङ) ड्यूटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा ।

(च) भ्रष्टाचार गरेमा ।

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा ।

(ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा ।

(झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैर हाजिर भएमा ।

३२. **सजाय दिने अधिकारीः** (१) कार्यपालिका बैठकको निर्णय अनुसार नगर प्रहरीहरुलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतमा रहने छ ।

३३. **सजाय सम्बन्धी कार्यविधिः** (१) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनु पर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले पन्ध्र दिन भित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ । तर,

(क) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको

नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस ऐन वमोजिमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन ।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचना सम्म दिनु पर्नेछ ।

(ग) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडागरी निर्णय भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्ने छैन ।

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकता अनुसार सम्बन्धित नगरप्रहरी कर्मचारी संग बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नु पर्नेछ ।

(४) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजाय गर्ने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्नसक्नेछ । तर यस्तो निलम्वनको अवधि ६ महिना भन्दा वढी हुनेछैन ।

(५) उपदफा (४) वमोजिम निलम्वन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ ।

(६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वत: निलम्वित हुनेछ । तर,

(क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भएपुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ। यदि कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन ।

(ख) कुनै कर्मचारी नगरपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलब भत्तापाउने छैन ।

४. **सजायको आदेश दिने :-** (१) जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निज संग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण सन्तोष जनक





नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनु पर्नेछ ।

३५. **पुनरावेदन सुन्ने अधिकारी:-** (१) पुनरावेदन सुन्ने अधिकारी देहाय बमोजिम हुनेछ ।

(क) दफा ३१ को खण्ड (क) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले गरेको विभागिय सजाय उपरको नगरकार्यपालिका

(ख) दफा ३१ को खण्ड (ख) बमोजिम नगर प्रहरी प्रमुखले गरेको विभागिय सजाय उपरको प्रमुख प्रशासकिय अधिकृत

३६. **पुनरावेदनको कार्यविधि:** (१) दफा (३४) बमोजिम दिइएको सजायंको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनु पर्नेछ ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त जो भएको प्रमाण राखी शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ । पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नु पर्नेछ ।

(३) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ ।

३७. **नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउने:-**(१) कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मिति सम्मको पूरा तलव भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धिसमेत निजले पाउनेछ ।

## परिच्छेद-६

## विदा

३८. **नगर प्रहरी कर्मचारीले पाउने विदा:-** (१) नगर प्रहरी कर्मचारीले देहाय बमोजिमका विदाहरु तोकिए बमोजिम पाउनेछ ।

(क) भैपरी आउने र पर्व विदा

(ख) घर विदा

(ग) विरामी विदा

(घ) किरिया विदा

(ङ) प्रसुती विदा

(च) सट्टा विदा

(छ) प्रसुति स्याहार विदा

(२) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(३) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ, साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(४) विदा स्वीकृत गर्ने अधिकारी र कार्यविधि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

. **विदा नलिई गैर हाजिर नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउन सकिनेः-** (१) नगर प्रहरीकर्मचारीले यस ऐन वा यो ऐन अन्तर्गत बनेको नियमावली वमोजिम विदा स्वीकृत नगराई गैर हाजिर हुन पाउने छैन ।

(२) उपदफा (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगर पालिकाले सेवाबाट हटाउन सक्नेछ । तर, निकास नहुँदै विदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिनेछैन ।

## परिच्छेद-८
## विविध

०. **करारमा नविकरण गर्न सकिनेः-** (१) नगर सभाको निर्णय बमोजिम नगर प्रहरी कर्मचारीको करार सम्झौता नविकरण गर्न सकिनेछ ।

(२) करार सेवा सम्झौता नविकरण गर्दा एकपटकमा १ वर्षमा नवढने गरी गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम करारमा नियुक्त हुने नगर प्रहरी कर्मचारीको पारिश्रमिक, सेवाका शर्त तथा सुविधाहरु करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन् ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्य सम्पादन स्तर संतोषजनक नरहेको नगर प्रहरीको करार म्याद कार्यालयले नवीकरण गर्ने छैन ।

१. **कायम मुकायम मुकरर गर्न सकिने :-** (१) नगर प्रहरी सेवाका कुनै पदमा साधारण तया कायम मुकायम मुकरर गरिने छैन । तर, पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्य संचालन गर्न वाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिनेछ ।

(२) यस ऐन वमोजिम कायम मुकायम मुकरर गर्दा एकतह मुनिका कर्मचारीहरु मध्ये वढुवाको लागि योग्य भएका मध्येबाट सबै भन्दा जेष्ठ नगर प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिनेछ ।

(३) कुनै नगर प्रहरी कर्मचारी जुन पदमा कायम मुकायम मुकरर भएको हो





निजलेसो पदको दर्ज्यानी चिन्ह सहित सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

(४) कुनै एक पदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन ।

(५) रिक्त नगर प्रहरी पदमा कार्यपालिकाको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले कायम मुकायम मुकरर गर्नेछ ।

४२. **पोशाक, चिन्ह आदिः-** (१) नगर प्रहरीको दर्ज्यानी चिन्ह, व्याज, पोशाक, किसिम, सोको रंग तथा निजले धारण गर्ने सुरक्षा तथा सञ्चारका साधन कार्यापालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई आवश्यक पर्ने डाङ्गरी, भद्र पोशाक, क्याजुअल पोशाक तथा बुट प्रत्येक ६ महिनाको १ सेटका दरले नगरपालिकाले उपलब्ध गराउनेछ ।

४३. **संचार सेटः-** (१) नगर प्रहरीको कार्य सम्पादन प्रभावकारी बनाउन कार्यालयले आवश्यकता अनुसारका संचार सेट लगायतका साधन उपलब्ध गराउनेछ ।

४४. **जाडो मौसमका लागि दिईने पोशाक** (१) प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमका लागि पोशाक कार्यालयले उपलब्ध गराउनेछ ।

४५. **आवासः** (१) नगर प्रहरीलाई ब्यारेक प्रणालीमा बस्ने गरी कार्यालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(२) ब्यारेक प्रणालीमा बस्दा राशन वापत खर्च हुने रकम नगर कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाले उपलब्ध गराउनेछ ।

४६. **अन्य सुविधाः** (१) नगर प्रहरीको तलब भत्ता र चाडपर्व खर्च बाहेक अन्य सेवा सुविधा नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

४७. **पुरस्कार तथा प्रोत्साहनः** (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा उल्लेखनीय एवं प्रशंसनीय ढङ्गले कार्य गरेमा निजलाई नगरपालिकाको निर्णयानुसार प्रोत्साहन वा पुरस्कार स्वरुप रकम, प्रशंसा-पत्र वा अन्य सुविधा वा सहुलियत उपलब्ध गराउन सकिनेछ ।

४७. **तालीमः** (१) नगरपालिकाले नगर प्रहरीलाई समय समयमा आवश्यक सुरक्षा सम्बन्धी तथा अन्य तालीमको व्यवस्था गर्न सक्नेछ ।

(२) तालीम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. **बिशिष्टिकृत काममा खटाउन सक्नेः** (१) नगर कार्यपालिकाले नगर प्रहरी

कर्मचारीलाइ यस ऐनको अधिनमा रहि बिशिष्टिकृत काममा खटाउन सक्नेछ ।

९. **बाधा अड्काउ फुकाउ:** (१) यस ऐनमा उल्लिखित व्यवस्था कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा नगर प्रमुखले बाधा अड्काउ फुकाउने आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको आदेश नगर कार्यपालिकाको बैठकबाट एक महिना भित्र अनुमोदन गराउनु पर्नेछ ।

०. **नियम, निर्देशिका, कार्यविधि बनाउन सक्ने:** (१) यस ऐनको उद्देश्य कार्यान्वयनका लागि नगरकार्यपालिकाले आवश्यक नियम, निर्देशिका, मापदण्ड, कार्यविधि बनाउन सक्नेछ ।

१. **बचाउ तथा खारेजी:** (१) यस ऐनमा लेखिए जति कुराको हकमा यसै ऐन बमोजिम र बाँकी कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

गरसभावाट स्वीकृत मितिः २०७९।१०।२२

ाज्ञाले
र बहादुर बुढा
मुख प्रशासकीय अधिकृत